## बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## आ.व.२०८०/०८१ का लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल लगायतको कर तथा शुल्क संकलनको ठेक्का सम्बन्धि बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०।०५।११, दोश्रो पटक प्रकाशित मिति : २०८०।०६।११**

**पुनः प्रकाशित मिति: २०८०।०८।१८**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा(२) को घ(छ), उपदफा ४ ञ तथा सोही ऐनको दफा ६४ को उपदफा १ (च) मा व्यवस्था भए बमोजिम यस न.पा.क्षेत्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा.निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटोमा आ.व.२०८०/०८१ का लागि आन्तरिक आय सम्बन्धि ठेक्का बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८०/०८/१८ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत पुनः बोलपत्र आह्वानको सूचना गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/०९/०३ गते १२:०० बजे सम्म र बोलपत्र खोल्ने मिति २०८०/०९/०३ गते दिनको २:०० बजे कायम गरिएको छ। बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ। उक्त ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७९/०८० को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी तोकिएको न्यूनतम अंकमा नघट्ने गरि बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएकोछ।

**तपसिल**

| बोलपत्र/ठेक्का नं. | नदीजन्य सामग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु.( मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. |
|---|---|---|---|---|
| ०६/२०८०/०८१ | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन(IEE) मा उल्लेख भए बमोजिम बेदकोट न.पा.का नदीहरुका विभिन्न घाट(बगुन, छेला, घुर्सुवा, मुसेपानी, गाउजी) बाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र माटोमा रोयल्टी उठाउने कार्य। | रु.२,१४,९७,५८५।- | रु.३,०००।- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरु**

१. बोलपत्र सम्बन्धि कागजातहरु मिति २०८०/०८/१८ गते देखि मिति २०८०/०९/०२ गते कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर रु.३,०००।- (पछि फिर्ता नहुने गरी) एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको राजश्व खाता नं. **1852050028240002** मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर लिई सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत आवेदन दिन सकिनेछ।

२. खरिद गरेको बोलपत्र मिति २०८०/०९/०३ गते दिनको १२:०० बजे सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको अपरान्ह २:०० बजे खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।

३. धरौटी (जमानत) बापत आफुले कबोल गरेका अंकको ५ प्रतिशतका दरले हुने रकम बेदकोट नगरपालिका, नगर कार्यपालिकाको एन.आई.सी.एशिया बैंक, बेदकोट शाखामा रहेको धरौटी खाता नं. **I5CA052423252403** मा रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको विडबण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ।

४. बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

५. आयकर लगायत स्थानीय कर र नेपाल सरकारलाई तिर्नु बुझाउन पर्ने सबै कर(मु.अ.कर बाहेक) सम्बन्धित बोलपत्रदाताले स्वयं व्यहोर्नु पर्नेछ।

६. बोलपत्र कुनै कारण देखाई वा नदेखाई स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित रहनेछ।

७. बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत